# नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
**THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL**
(Established under the Nepal Chartered Accountants Act, 1997)


च. नं.
Ref. No.

## लेखापरीक्षक सूचीकरण सम्बन्धी सूचना !

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था नेपालमा लेखाव्यवसायको विकास, संरक्षण र सम्बर्द्धन गर्नको लागि नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ अन्तर्गत स्थापित एक स्वायत्त नियमनकारी निकाय रहेको सर्वविदितै छ । यस संस्थाबाट पेशागत प्रमाणपत्र प्राप्त सदस्यहरुले कुनै पनि निकायमा सूचीकरण गर्नुनपर्ने र ती निकायलाई लेखाव्यवसायी फर्महरुको नामावली आवश्यक भएमा यस संस्थबाट वा संस्थाको वेभसाईट **www.ican.org.np** बाट समेत प्राप्त गर्न सकिने व्यहोरा विदितै छ ।

सूचीकरण गर्नु नपर्ने सम्बन्धमा यस अघि संस्थाबाट विभिन्न मितिमा सूचना समेत प्रकाशित गरिदैं आईएको छ । नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७५/०६/१४ गतेको निर्णयअनुसार नेपाल चार्टर्ड एकाउण्टेन्ट्स संस्थाले उपलब्ध गराउने सूचीबाट नै लेखापरीक्षक नियुक्ति गर्न सबै स्थानिय निकायहरुमा समेत परिपत्र गरिसकेको र सो को सूचना मिति २०७५/०६/१६ मा प्रकाशित भईसकेको समेत जानकारी गराईन्छ । संस्थाका सदस्यहरुले लेखापरीक्षणको लागि सूचीकृत हुनुपर्ने भएमा यस संस्थाले प्रदान गरेको योग्यता माथि प्रश्नचिन्ह खडा हुन सक्ने तथा लेखापरीक्षक सदस्यहरुलाई हरेक स्थानिय तहमा सूचीकृत हुन जानुपर्ने व्यवस्था कुनै पनि तरिकाले व्यवहारिक नहुने हुँदा समग्र लेखापरीक्षकहरुमा अन्यौलता सिर्जना भएको छ ।

यसर्थ स्थनिय निकायहरुले आगामी दिनमा तहाँ अन्तर्गतका विद्यालय लगायतका निकायहरुको लेखापरीक्षक नियुक्ति गराँउदा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थामा नविकरण समेत गराएका पेशागत प्रमाणपत्र प्राप्त सदस्यहरुमध्ये कुनै पनि सदस्यलाई बर्जित नगर्ने गरी नियुक्ति गराँउने व्यवस्था मिलाउनुहुन अनुरोध छ ।

साथै, उक्त निर्देशनको पालना नगर्ने यस संस्थाका सदस्यहरुलाई नेपाल चार्टर्ड एकाउण्टेन्ट्स ऐन, २०५३, नेपाल चार्टर्ड एकाउण्टेन्ट्स नियमावली, २०६१ र आचार संहिताको पालना नगरेको कारण आवश्यक कारबाही गर्ने समेत व्यवस्था भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


**नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था**
THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL
(Established under the Nepal Chartered Accountants Act, 1997)
ICAN Marga, Satdobato, Lalitpur, Post Box No.: 5289
Phone: 00977-1-5530832, 5530730
Email: ican@ntc.net.np, Website: http://www.ican.org.np


Published in Gorakhapatra Daily and Kantipur Daily on December 10, 2022

Executive Director
10/12/2022

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था ★ २०५३ ★